Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

सिद्धलेक गाउँपालिका
SIDDALEK RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
बुङचुङ, धादिङ
BUNGCHUNG, DHADING
बाग्मती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

आ.व.: २०७६।०७७
च.नं. : १८०२

## कर्मचारी आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७०१।२८

यस सिद्धलेक गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसार तपशीलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक आवेदकहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त दिन सूचित गरिएको छ । दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.siddhalekmun.gov.np बाट डाउनलोड गरी वा सिद्धलेक गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | पदसंख्या | लिखित परीक्षाको कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १८/२०७६।०७७ | सूचना प्रविधि अधिकृत | १ | पछि तोकिने छ । | |

१. परीक्षाको किसिमः - लिखित, प्रयोगात्मक र अन्तवार्ता ( लिखित र प्रयोगात्मक परीक्षा छनौट तथा सिफारिस समितिको निर्णय अनुसार हुनेछ )।

२. परीक्षा केन्द्र :- सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ हुने छ ।

३. आवश्यक न्युनतम शैक्षिक योग्यताः-
लोक सेवा आयोगले लिने IT Officer पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer or Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय (BIT, BIM, BBIS, BCA, BCIS, BELT, BSc.CSIT) लिई स्नातक उत्तीर्ण गरेको ।

४. दरखास्त माध्यमः- इच्छुक आवेदकले तपशीलमा उल्लेख भए अनुसारको परीक्षा दस्तूर रकम गाउँ कार्यपालिकाको कुमारी बैंक बुङचुङ शाखामा रहेको सञ्चितकोष खाता नं. ०८१००३५१२४९००००१ मा जम्मा गरेको भौचर साथ लोकसेवा आयोगको ढाँचामा फाराम भरि तोकिएको मितिमा हालसालै खिँचिएको पासपोर्ट साइजको फोटो व्यक्तिगत विवरण (Bio-Data) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणपत्रको स्वयमद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वकको आवेदन फाराम भरी गाउँपालिकाको इमेल ठेगाना.sidhalekhruralmun@gmail.com वा स्वयं उपस्थित भई आवेदन दिनु पर्ने छ।

५. उम्मेदवारको उमेरको हदः- २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको लागि ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

६. परीक्षा दस्तुरः- परीक्षा दस्तुर रु १०००।